## "संघीयता र प्रस्तावित तामाङसालिङ स्वायत्त राज्य"

## विषयक एक दिने अन्तरक्रिया कार्यक्रम

**डाँफे होटल, चरिकोट, दोलखा**

**१३ असाढ २०६८ (२७ जुन २०११)**

# १. पृष्ठभूमि :

जातीय भेदभाव विरूद्ध राष्ट्रिय मञ्च (NCARD) ले नेपालमा बहिष्करणमा परेका समुदायहरूको हक अधिकारहरूको स्थापनाको लागि विगत एक दशक देखि निरन्तर काम गरिरहेको छ । २०६२-६३ को दोस्रो जनआन्दोलन पछिको वर्तमान राजनीतिक परिवेशमा यस संस्थाले दलित, आदिवासी जनजाति र मुस्लिम समुदायका आन्दोलनहरूको रणनीतिक साझेदारीता र गठवन्धनलाई समर्थन गर्दै उनीहरूका मुद्दाहरूबीच विभिन्न तहमा बहस र छलफल गराएर ती मुद्धाहरू अब बन्ने संविधानमा सुनिश्चित गराउने अभियानमा जुटेको छ ।




नयाँ संविधान निर्माण र राज्य पुर्नःसंरचनाको प्रक्रियामा चलिरहेको नेपालको वर्तमान राजनीतिक घडी सदियौं देखि बहिष्करणमा परिएका नेपालका आदिवासी जनजाति, दलित र मुस्लिम समुदायका समानता र सहभागिताका मुद्दाहरूको संवैधानिक उपचारका लागि अत्यन्त महत्वपूर्ण र ऐतिहासिक अवसर हो । यही परिप्रेक्षमा NCARD को आयोजना तथा ग्रामीण समुदायमा समाजिक सेवाको सह आयोजनामा असार १३ गते २०६८ तदनुसार जुन २७ तारिखका दिन **संघीयता र प्रस्तावित तामाङसालिङ स्वायत्त राज्य विषयक एक दिने अन्तरक्रिया कार्यक्रम** दोलखा जिल्लाको चरिकोटमा सम्पन्न भयो ।

हाल संघीय संरचनामा जादा यसका आधारहरू, भौगोलिक सिमाना, अधिकार क्षेत्र लगायत विविध विषयमा निरन्तर वहस चलिरहेको छ । यो बहस विषेशतः ऐतिहासिकता, जातिय, भाषिक आदि

विषयको आधारमा राज्य पुर्नःसंरचना हुनु पर्छ वा पर्दैन भन्ने पक्ष र विपक्षका बीच मत अभिमतहरूमा केन्द्रीत रहेको छ । यही सन्दर्भमा संविधानसभाको राज्य पुर्नःसंरचना तथा राज्य शक्तिको बाँडफाँड समितिले **तामाङसालिङ** प्रान्तको प्रस्ताव गरेको छ । **तामाङसालिङ** आन्दोलनले उठाएका सम्पूर्ण कुराहरु, र **तामाङसालिङ** प्रान्त लगायतका विषयमा वहस र छलफलको आवश्यकता रहेको छ ।
नेपालको संघीय संरचनामा जातिय, ऐतिहासिक, भाषिक लगायतका आधारमा हुनु पर्दछ । त्यस संरचना भित्र **तामाङसालिङ** स्वायत्त राज्य स्थापना हुनु पर्दछ भन्ने कुराको आदिवासी तामाङ अधिकारवादी संगठन नेपाल तामाङ घेदुङ्ग लगायत कैयौं राजनीतिक र गैर राजनीतिक संघ संगठनहरुले बलियो वकालत गर्ने गरिरहेका छन् । **तामाङसालिङ** स्वायत्त राज्य किन हुनु पर्ने ? कति भूभाग सहितको हुनु पर्ने ? यसको प्रशासनिक र शासकीय स्वरुप कस्तो हुने ? यहाँका तमाम नागरीकहरूको पूर्ण अधिकारको सवालमा कस्तो व्यावस्था हुने आदि सवालहरूमा **तामाङसालिङ** आन्दोलनले हालसम्म तयार गरेको अवधारणा आदिवासी, जनजाति, दलित, मुस्लिम लगायत **तामाङसालिङ** राज्य क्षेत्रका सरोकारवाला नागरीकहरू माझ साझा बहस गर्ने र यो अवधारणा उपर आम नागरीकहरूको विचार समेत आदान प्रदान गर्ने प्रमुख उद्देश्यका साथ यो कार्यक्रम आयोजना गरिएको हो ।



## २. उद्देश्य

विशेषतः संविधान सभाको राज्यपुर्नःसरचना समतिले प्रस्ताव गरेको तामाङसालिङ स्वायक्त प्रदेशको विषयमा सरोकारवालाहरु माझ बहस र छलफल चलाउन यसको प्रमूख उद्धेश्य रहेको भएता पनि एक दिवसिय कार्यक्रम आयोजना गर्नुको विशिष्ट उद्धेश्यहरु निम्नानुसार रहेको छ ।

१. प्रस्तावित **तामाङसालिङ** स्वायत्त राज्यको खाका सहितको अवधारणा आदिवासी, दलित, मुश्लिम अधिकारकर्मीहरू, राजनितिक पार्टीका प्रतिनिधिहरू र नागरीक समाज, प्रशासनिक, शैक्षिक, सुरक्षा लगायतका सहभागितामा सामुहिक वहसमा प्रवेश गराउने ।

२.	**तामाङसालिङ** स्वायत्त राज्यको प्रस्तावित अवधारणाप्रति तामाङ बाहेकका अन्य जातजाति वा समुदाय र वर्गहरूको सरोकार, चिन्ता, चासो, सुझाव र प्रश्नहरूको उठानको वातावरण तयार गर्ने ।
३.	राष्ट्रिय परिवेश र दृष्टिकोणमा **तामाङसालिङ** स्वायत्त राज्य वा प्रान्तको सम्भाव्यताप्रतिको केहि यथार्थताहरूका वारेमा खुला संवाद गराउने ।
४.	आगामि संविधान निर्माण र राज्यको पुर्नःसंरचनाको सवालमा **तामाङसालिङ** स्वायत्त राज्य क्षेत्रका मुद्दाहरू र यस क्षेत्रमा वसोवास गर्ने गैर तमाङहरुको चाहनाहरू के कस्तो छ छलफल गरी साझा बुझाईहरू निर्माण गर्ने ।

## ३. कार्यक्रमको प्रकृया र प्रमूख गतिविधि

विहान ११ बजेबाट प्रारम्भ भएको यस कार्यक्रमको अध्यक्षता ग्रामीण समुदायमा समाजिक सेवा (Social Service in the Village Community - SOSEVIC) का अध्यक्ष वर्मा लामाले गर्नु भएको थियो । प्रमूख अतिथि तथा कार्यक्रमका स्रोत व्यक्ति पर्शुराम तमाङ र अन्य अतिथिहरुमा नेपाली कांग्रेसका जिल्ला सचिव केशव राज चौलागाइ, नेकपा एमालेका जिल्ला सचिव भरत दुलाल, रा.प्र.पा का जिल्ला अध्यक्ष नर बहादुर पाखिन, मानव अधिकार तथा शान्ति समाजका टंक ब. जिरेल रहनु भएको थियो भने आयोजक संस्था ( एनकार्ड) का तर्फबाट रोमनाथ विश्वकर्मा र तिलक विश्वकर्मा रहनु भएको थियो ।




कार्यक्रममा आएका सहभागीहरु माझ परिचयात्मक कार्यक्रम भए पछि स्रोत व्यक्ति पर्शुराम तमाङले संघियता र प्रस्तावित तामाङसालिङ राज्य भन्ने विषमा कार्यपत्र प्रस्तुत गनु भएको थियो उहाको कार्यपत्रमा विशेष गरि तामाङ र ताम्सालीङ्को ऐतिहासिक पृष्ठभूमि, तामाङ समाजको विकास, तामाङ गणराज्यहरु, तामाङ किपटहरु, नेपालको मानचित्रमा ऐतिहासिक ताम्सालीङको क्षेत्र निर्धारण, तामाङ बाहुल्यता जिल्ला र गाविसहरू २०५८, ताम्सालीङ स्वायत्त प्रदेशको सिमाना, ताम्सालीङ प्रदेशमा विभिन्न जनजातिहरुको स्वायत्त क्षेत्रहरु, ताम्सालीङ प्रदेशमा विभिन्न जनजातिहरुको संरक्षित क्षेत्रहरु, ऐतिहासिक ताम्सालीङको जनसंख्याको बनोट, विश्वमा सङ्घीयता र स्वशासनका मोडेलहरु, राज्य

पुनःसंरचना समितिको प्रस्ताव र ताम्सालीङ आन्दोलनको सरोकारका मुद्दाहरु लगायतका विषयमा केन्द्रित थियो । कार्यपत्र पस्तुत गरेपछि सहभागीहरुले संघियता, राज्यको पुनः संरचना, तामाङसालिङ स्वायत्त प्रदेशमा अन्य जातिको हक अधिकार लागायत विविध विषयमा राखेका विभिन्न जिज्ञासाहरुको उत्तर स्रोत व्यक्तिले दिनु भएको थियो ।

अतिथिहरुले आफ्नो मन्तव्य दिने क्रममा नेपाली कांग्रेसका जिल्ला सचिव केशवराज चौलागाईले




आदिवासी भनेर केवल जनजनतीलाई मात्र बुझ्नु गलत हो भन्दै जो अनन्तकालदेखि वसोवास गर्दै आएको छ उहि नै आदिवासी हो भन्ने जानकारी गराउनु भयो । साथै उहाले जातिगत राज्य बनाउदा सवैको अधिकार सुनिश्चित हुने गरि बनाउन पर्ने बताउनु भयो । नेकपा एमालेका जिल्ला सचिव भरत दुलालले अहिले राज्य पुनःसंरचना तथा संविधान निमार्ण गर्ने क्रममा कुनै पनि त्रुटी हुन दिन नहुने बताउनु भयो । साथै उहाले अधिकार दिने सवालमा कुनै पनि वर्गको उत्थान हुनुको साटो झन ५० वर्ष पछाडि धकेलिने खालको नहोस भन्ने तर्फ सवैलाई सचेत रहन आग्रह गर्नु भयो । यसै गरि रा. प्र.पा का जिल्ला अध्यक्ष नर बहादुर पाखिनले जातिय आधारमा राज्य बनेमा ठूलो द्वन्द्व हुने भन्ने हल्ला मात्र भएको बताउदै यदि जातीय आधारमा राज्य नबनेमा झन द्वन्द्व बढ्न सक्ने धारणा राख्दै शोषित र पिडित सुमुदायको पहिचानको लागि पनि जातीय आधारमा राज्य पुनः संरचना गर्न पर्ने बताउनु भयो । कार्यक्रमको अन्त्यमा कार्यक्रमको साभापतित्व गरिरहेका वर्मा लामाले यस्ता कार्यक्रममा हुने वहस र छलफलले तामाङसालिङ राज्यको बिषयमा भएको अन्योलता र गलत बुझाइहरुलाई निर्मूल पार्न सफल हुने हुदा यहा भएका छलफललाई पनि आफ्नो छरछिमेकमा गइ छलफल चलाउन अनुरोध गर्नु भयो ।

यस कार्यक्रमको सहजिकरण एनकार्डका कोषाध्यक्ष रोमनाथ विश्वकर्माले गर्नु भएको थियो । भने परियोजना अनुगमन अधिकृत तिलक विश्वकर्माले कार्यकको सम्पूर्ण गतिविधिको टिपोट गर्नु भएको थियो ।

# ४. कार्यक्रममा सहभागीको उपस्थाति

यस कार्यक्रममा विभिन्न संघ संस्था, राजनैतिक पार्टीका प्रतिनिधि, जात जाति गरि जम्मा ५४ जनाको सहभागीता रहेको थियो । जसमा ४१ जना जनजाति रहेका थिए भने १३ जना दलितहरु रहेका थिए । कार्यक्रममा ७ जना बाहुन/क्षेत्रीको पनि उपीस्थिति रहेको थियो । तर मुस्लिमहरुको भने उपस्थिति रहेको थिएन । यस कार्यक्रममा जनजातीहरु मध्य पनि सवै भन्दा वढि (२१ जना) तमाङहरुको सहभागीता रहेको थियो भने सवै भन्दा कम शेर्पा (१ जना ) समुदायको सहभागीता रहेको थियो । यसरी नै कार्यक्रममा १३ जना दलितहरुमा विश्वकर्मा, परियार र मिजार समुदायका व्यक्तिहरु रहेका थिए । यस कार्यक्रममा सहभागीहरुको उपस्थिति निम्नानुसार तालिकामा उल्लेख गरिएको छ ।




सहभागीहरुको समुदायगत विवरण

| **क.सं.** | **जाति** | **संख्या** |
|---|---|---|
| १ | तमाङ | २१ |
| २ | दलित | १३ |
| ३ | क्षेत्री बाहुन | ७ |
| ४ | जिरेल | २ |
| ५ | गुरुङ | २ |
| ६ | भुजेल | २ |
| ७ | थामी | ३ |
| ८ | शेर्पा | १ |
| ९ | नेवार | ३ |
| **जम्मा** | | **५४** |

## ५.कार्यक्रमको प्रमूख उपलब्धीहरु

प्रस्तावित तामाङसालिङ स्वायत्त राज्यको विषयमा उक्त राज्यसंग सरोकार राख्ने सरोकारवालाहरु माझ छलफल चलाई उनीहरुको विचारको आदान प्रदान गरिएको यस कार्यक्रमका उपलब्धीहरु निम्नानुसार रहेका छन् ।

१. संघियता र प्रस्तावित तामाङसालिङ स्वायत्त राज्य सम्वन्धि विषय वस्तु सवै जनजातिमा छलफल गरि सकारात्मक वहसको विषय प्रवेश गराउन सफल हुनु ।



२. सहभागीहरुलाई जातीयता राष्ट्रियता हो पहिचान हो यस्ले राष्ट्रलाई मजवुत बनाउछ, विखण्डन ल्याउने कुरा भ्रमक हो भन्ने कुरामा आस्वस्त पार्न सक्नु ।

३. तामाङसालिङ स्वायत्त राज्यको विषयमा थप वहस र छलफल गर्न प्रेरित गर्नु ।

## ६.कार्यक्रममा देखा परेका सुधार गर्न पर्ने पक्षहरु

यो कार्यक्रम उद्धेश्य मुताविक संचालन गर्न सकिएको भएता पनि कार्यक्रम संचालनको दौरानमा केही सुधार गर्न पर्ने पक्षहरु  पनि देखा परे जसलाई निम्नानुसार उल्लेख गरिएको छ ।

१. कार्यक्रममा मुस्लिम समुदायको सहभागीता नहरनु ।

२. सहभागीको संख्या अनुसार कार्यक्रमको हल सानो रहनु ।

*****